
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २३७ पृष्ठ ८ | काठमाडौं, बुधबार १७ पुस २०८१ | पौष शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४५ | WEDNESDAY, JANUARY 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# राजधानी बाहिर बन्दै छन् भव्य क्रिकेट रंगशाला

क्रिकेटमा मुलुकले जसरी छलाङ मार्दै छ, अन्तर्राष्ट्रिय स्तरका रंगशाला पनि निर्माण हुँदै छन्। राजधानीमा त्रिविवि र मूलपानी अन्तर्राष्ट्रिय रंगशालाको स्तरोन्तरी भइरहेको छ। राजधानी बाहिर पनि भव्य रंगशाला बन्दै छन्। रंगशाला निर्माणले मुलुकको क्रिकेट खेल अझै उन्नत हुने जानकारहरू बताउँछन्।

सलमान खान | *भैरहवा*
अनिल ढकाल | *चितवन*
शिवराज भट्ट | *धनगढी*
कृष्ण बिष्ट | *बैतडी*

– को रिपोर्ट

समाचार पृष्ठ २


रुपन्देहीको तिलोतमामा निजी क्षेत्रबाट निर्माण भइरहेको एक्स्ट्राटेक ओभल क्रकेट मैदान।



फाप्ला धनगढी।



गौतमबुद्ध चितवन।



दशरथचन्द बैतडी।

## रविसहित ७ जनाको मुद्दामा थुनछेक बहस सुरु



**पोखरा** (अन्नपूर्ण): सूर्य दर्शन सहकारी रकम अपचलन प्रकरणमा मंगलबारदेखि थुनछेक बहस सुरु भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेसहित ७ जनाको मद्दामा थुनछेक बहस सुरु भएको कास्की जिल्ला अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिए। सरकारी वकिलका तर्फबाट शान्तिदेवी शर्मा र सुजता पौडेलले मंगलबार बहस गरेका छन्। बुधबार पनि क्रमश: सरकारी वकिलको बहस हुने पनि जिल्ला अदालतका स्रेस्तेदार खनालले बताए। सरकारी वकिलको बहस सकिएपछि जाहेरीवालाको तर्फबाट बहस हुनेछ।

प्रतिवादीको तर्फका कानुन व्यवसायीले बहस गर्ने छन्। प्रतिवादीको बहस सकिएपछि थुनछेक बहस सकिने छ। रविसहित गोर्खा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक छविलाल जोशी, जीबीका साझेदार लिला पछाई, नेचर हब्सका सञ्चालक रामबहादुर खनाल, पूर्वसांसद मीना गुरुङ, पूर्वकोषाध्यक्ष आरती गुरुङ, पूर्वसञ्चालक ललतिबहादुर गुरुङको बयान सकिए सँगै थुनछेक बहस सुरु भएको हो।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले सहकारी रकम अपचलनको अरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। लामिछानेसहित खनाल, जोशी र पछाईविरुद्ध सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा दायर भएको छ।

आरती गुरुङ, मीना गुरुङ र कृष्णबहादुर गुरुङका हकमा सहकारी रकम अपचलनको मात्र मुद्दा छ। सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम अपचलन प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मद्दा दायर गरिएको जनाएको छ। लामिछानेसहित १९ जनाविरुद्ध संगठित अपराधमासमेत मुद्दा चलाइएको छ।

# मंकिपक्स संक्रमण : जोखिम कस्तो ?

**दिनेश गौतम** | *काठमाडौं*

रोजगारीका लागि साउदी अरब गएका तनहुँका एक युवालाई ज्वरो आयो। शरीरमा डाबरहरू देखिए। उपचारका लागि स्थानीय अस्पतालमा गए, त्यहाँ चिकित्सकले खासै महत्व नदिएको उनले महसुस गरे। उपचारकै लागि स्वदेश फर्के। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा जँचाउँदा मंकिपक्स संक्रमणको पुष्टि भयो।

पुस ४ गते स्वदेश फर्केका तनहुँका ती ३६ वर्षीय युवा उपचाररत रहेकै बेला साउदी अरबबाटै अर्का युवा पनि शनिबार स्वदेश फर्के। सिन्धुलीका ४४ वर्षीय युवालाई पनि आइतबार मंकिपक्स संक्रमण पुष्टि भएको छ। 'साउदीमै ज्वारो आएको रहेछ। शरीरमा डाबरहरू देखिए छ,' उपचारमा संलग्न चिकित्सकले भने, 'त्यहाँको उपचारप्रति सन्तुष्ट हुन नसकेपछि स्वदेश फर्केका रहेछन्।'

मंकिपक्स संक्रमित दुवै युवाको शरीरमा डाबर परिवर्तन भई फोका बनेका छन्। फोकाहरूमा पाप्रा लाग्ने, पाप्रा उप्किने, टाउको, ढाड, मांसपेशी दुख्ने लगायतका लक्षणहरू देखिएका छन्। उपचाररत दुवै युवालाई निको हुन केही समय लाग्ने ती चिकित्सकले जानकारी दिए।




**संक्रमणको जोखिम कति ?**

**स्वदेश** फर्केका पहिलो संक्रमित युवा विमानस्थलबाटै ट्याक्सी चढेर निजी अस्पताल पुगेका थिए। उक्त अस्पतालले मंकिपक्स संक्रमणको आशंका गर्दै शुक्रराज अस्पताल टेकुमा रेफर गरेको थियो।

अर्का संक्रमित युवा शनिबार घरमा बसेर अर्को दिन मात्र टेकु अस्पताल गएको पाइएको छ। स्वदेश फर्केका संक्रमित युवाहरूको कन्ट्याक्ट ट्रेसिङ गरिएको छैन। संक्रमित व्यक्तिको थुक, र्‍याल आदिबाट समेत मंकिपक्स अर्को व्यक्तिमा संक्रमण हुने चिकित्सकहरू बताउँछन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार मानिसबाट मानिसमा लामो समय आमने–सामने कुराकानी गर्दा थुकबाट पनि संक्रमण हुन सक्छ।

'मंकिपक्स संक्रमितको मुखको छिटाबाट, संक्रमितले प्रयोग गरेका सरसामान जस्तै कपडा, सिरिञ्ज र संक्रमितको घाउ,फोकाको तरल पदार्थबाट अर्को व्यक्तिमा सर्न सक्छ,' डा. बुढाथोकी भन्छन्, 'संक्रमित व्यक्तिसँगको नजिकको सम्पर्कमा रहँदा पनि विभिन्न माध्यमबाट सर्ने सक्छ।'

साउदी अरबमा कार्यरत अन्य नेपालीहरू मंकिपक्स संक्रमण भएको अवस्थामा स्वदेश फर्कने जोखिम रहेको छ।

'साउदीमा सामूहिक रूपमा बस्ने र काम गर्ने बानी हुन्छ। यो हिसाबले साउदीमा रहेका अन्य नेपालीमाझ पनि संक्रमण फैलिएको त छैन ? भन्ने शंका उत्पन्न भएको छ,' सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन भन्छन्, 'दुई जना युवापछि अन्यमा थप संक्रमण फैलन नदिन ध्यान दिनुपर्छ। आवश्यक सावधानि र सतर्कता देखाइएन भने जोखिम झन् बढ्ने छ।'

» बाँकी पृष्ठ ७

## दक्षिण कोरियाली राष्ट्रपति युनविरुद्ध पक्राउ पुर्जी



**सियोल** (एजेन्सी): दक्षिण कोरियाली अदालतले महाभियोग लगाइएका निलम्बित राष्ट्रपति युन सुक येओलविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। अनुसन्धानकर्ताहरूका अनुसार यो पक्राउ पुर्जी देशमा सैन्य शासन लागू गर्ने उनको छोटो प्रयासको सम्बन्धमा जारी गरिएको हो।

युनले यस महिना नागरिक शासनलाई केही समयका लागि निलम्बन गरे। यसले दक्षिण कोरियालाई दशकौंको सबैभन्दा खराब राजनीतिक संकटमा धकेलेको थियो। उनको उक्त कार्यलाई लिएर संसद्‌ले उनलाई राष्ट्रपतिको जिम्मेवारीबाट हटायो तर महाभियोग पुष्टि गर्ने कि नगर्ने संवैधानिक अदालतको फैसला विचाराधीन छ।

'संयुक्त अनुसन्धान मुख्यालयले अनुरोध गरेबमोजिम राष्ट्रपति युन सुक येओलका लागि पक्राउ पुर्जी र खानतलासी पुर्जी आज बिहान जारी गरिएको छ' संयुक्त अनुसन्धान मुख्यालयले भनेको छ।

# वीरताको चिनो भोजपुरे खुकुरी

## कालिगढ र कच्चा पदार्थको अभाव

**प्रदीपचन्द्र राई** | *भोजपुर*

वीर गोर्खालीको शान भन्नेबित्तिकै झट्ट दिमागमा आउँछ- भोजपुरे खुकुरी। यसले देश-विदेशमै ख्याति कमाएको छ। ब्रान्ड बनेको छ। त्यति मात्र होइन, विदेशी मुद्रा आर्जनको राम्रो स्रोत पनि बनेको छ।

तर, देशकै चिनारी बनेको भोजपुरे खुकुरी दक्ष कालिगढ र कच्चापदार्थ अभावमा संकटमा छ। भोजपुरे खुकुरीको माग बढदो छ। तर, उत्पादन छैन। भोजपुर सदरमुकाम, कोट, दलगाउँ, गोगने, खावा, खैराङ, टक्सार, बोखिम, दाँवा, तिम्मा, दिङ्ला, देउराली, जरायोटारका करिब ३५ खुकुरी उद्योगहरू दक्ष कालिगढ र वनपैदावर कच्चापदार्थ अभावमा बन्द हुने स्थितिमा छन्।

राणाकाल र पञ्चायतकालदेखि नै प्रसिद्ध बनेको भोजपुरे खुकुरी जनशक्ति र सल्लाका काठ, कोइला, गोल जस्ता कच्चापदार्थको अभावका कारण उत्पादनमा कमी आउन थालेको उद्यमीहरू सुनाउँछन्। 'अहिले भनेजस्तो दक्ष कालिगढ पनि भेटिँदैनन्, सल्लाका काठहरू पनि भेटिँदैन, आरनमा ३/४ जना मात्र हुन्छन्, भनेजति माग



पूरा गर्न सकिएको छैन', खुकुरी व्यवसायी दिनेश गजमेरले भन्छन्, 'खुकुरीको काम गर्न झ्याइनझ्याइ हुन्छ, कालिगढलाई महँगो ज्याला दिएर काम लगाउनुपर्छ।'

भोजपुरमा १९६५ सालतिरै खुकुरी बनाउन सुरु गरिएको हो। ०२७ सालमा तत्कालीन राजा महेन्द्र शाह भोजपुर आएका बेला बोखिमका स्थानीय सिंगबहादुर विक 'सिने' ले उपहार स्वरूप राजा महेन्द्रलाई खुकुरी दिएका थिए। आकर्षक खुकुरी देखेर राजा महेन्द्रले खुकुरीका लागि भोजपुर उत्तम ठाउँ भएको बताएका थिए। त्यही समयबाट भोजपुरे खुकुरीले प्रसिद्धी कमाएको खुकुरी व्यवसायी हीरा श्रेष्ठ बताउँछन्। विभिन्न आकर्षक बुट्टाले भरिपूर्ण हुने भएकाले पनि भोजपुरको खुकुरी प्रख्यात छ। स्थानीय बजारमा खुकुरीको मूल्य ८ सयदेखि १८ हजार रुपैयाँ प्रतिगोटा पर्छ। ग्रामीण भेगहरूमा दैनिक कामकाजका लागि बुदुने र बाँसपाते किसीमका खुकुरीहरू बढी प्रयोग हुन्छन्।

भोजपुरमा उत्पादित ४ देखि २४ इञ्चसम्मका बुदुने, शिरुपाते, बाँसपाते, चित्लांगे खुकुरीहरू धरान, उदयपुर, खाँदबारी, काठमाडौं हुँदै विभिन्न विदेशी मुलुकहरूमा चिनो, उपहार र सजावटका लागि पुग्ने गर्छन्। खुकुरीका बिँडहरू भैंसीका सिङ, बाँसका जरा, ओखर, सालका ख, हड्डीका साथै अर्डरअनुसार सुन र चाँदीका धातुबाट पनि बनाइने गरिएको छ।

खुकुरीको बजार फराकिलो बनाउन अन्तर्राष्ट्रियस्तरमै राज्यबाट व्यापारिक सम्झौता आवश्यक रहेको भोजपुर टक्सारका घमचन्द्र दाहालको भनाइ छ। चीन र भारतबाट माग हुने गरे पनि खुला व्यापारिक नीति नहुँदा उत्पादित खुकुरी निकासीमा कमी आएको उनी बताउँछन्। 'चीन र भारतमा भाला, तरबार जस्ता हातहतियारलाई बैधता दिएको छ, तर नेपाली खुकुरीलाई अवैध भन्दै रोक लगाउने गरिन्छ। त्यसैकारण यहाँ उत्पादित खुकुरी बाहिर निर्यात हुन सकेका छैनन्। 'यसका लागि राज्यले नयाँ नीति बनाउन आवश्यक छ', दाहाल भन्छन्।

» बाँकी पृष्ठ ७